Embassy of the United States
Public Affairs Office
Kathmandu, Nepal

मंसिर ५, २०६५

यूएसएआईडीको सहयोगमा दोलखा जिल्लामा मेलमिलाप केन्द्र संचालन

अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी संस्था (यूएसएआईडी/नेपाल) को सहयोगमा दोलखा जिल्ला अदालत चरिकोटमा मेलमिलाप केन्द्र आजदेखि सञ्चालनमा आयो । मेलमिलाप केन्द्रहरुको स्थापना यूएसएआईडी/नेपालको कानूनी साशनको सुदृढीकरण कार्यक्रम अर्न्तगत एउटा महत्वपूर्ण अङ्गको रुपमा रहेको छ । मेलमिलाप केन्द्रहरुले न्यायमा अत्यधिक पहुँच पुऱ्याउनुका साथै अदालतमा रहेको मुद्दाहरुको अत्यधिक चापलाई घटाउन पनि मद्दत गर्दछ ।

मेलमिलाप केन्द्रको उद्घाटन पुनरावेदन अदालत पाटनका माननीय मुख्य न्यायाधीश रणबहादुर बमले गर्नु भयो । उद्घाटनका क्रममा उहाँले मेलमिलाप केन्द्रहरुको आवश्यकताबारे जोड दिंदै त्यसबाट हुने फाइदाबारे प्रष्ट पार्नु भएको थियो । कार्यक्रममा माननीय जिल्ला न्यायाधीशहरु रामचन्द्र राई र बालेन्द्र रुपाखेती तथा दोलखा जिल्लाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल पनि सहभागी हुनुहुन्थ्यो ।

यूएसएआईडी/नेपालको सहयोग अन्तर्गत मेलमिलापसम्बन्धी पाठ्यक्रम, तालिम निर्देशिका, मेलमिलापकर्ताको तालिम र जनसाधारणलाई आवश्यक जानकारी प्रदान गर्ने अभियान आदि पर्दछन् ।

यूएसएआईडी/नेपालको कानूनी शासनको सुदृढीकरणसम्बन्धी दुई वर्षीय कार्यक्रम हाल एशिया फाउन्डेसन र यसका स्थानीय सहकर्मी गैर-सरकारी संस्थाहरु मार्फत कार्यान्वयन भइरहेको छ । न्यायपालिकाको संस्थागत क्षमता विकास गर्ने, विवाद समाधानको बैकल्पिक उपायलाई प्रवर्द्धन गर्ने र शान्ति प्रकृयालाई सुदृढ गरी न्यायमा पहुँच बृद्धि गर्ने तथा नेपालमा प्रजातान्त्रिक शासन व्यवस्थालाई सुधार गर्ने यस कार्यक्रमको लक्ष्य रहेको छ ।

"हालको कार्यक्रम युएसएडले पहिले संचालन गरेका कार्यक्रमहरुको सफलतामा आधारित रहेर नेपालमा स्थानीय क्षमतालाई सबल गरी दीगो फाईदा पुऱ्याउने विश्वास गरिएको छ । यूएसएआईडी/नेपाल मिसनका निर्देशक बेथ एस. पेजले कार्यक्रमले दीगो र ठोस फाईदाका लागि स्थानीय क्षमतालाई सवल बनाउने प्रयास गर्नुका साथै सर्वोच्च अदालत, कानून मन्त्रालय र संविधानसभा जस्ता राज्यका महत्वपूर्ण कार्यकारी संस्थाहरुसँग नजिक रहेर काम गर्ने अपेक्षा राखेको छ" । सृजनात्मक र अहिंसा एवं द्वन्द्व समाधानको संस्कृतिको विकास गर्ने बृहत लक्ष्य प्राप्तिका लागि कार्यक्रमले मेलमिलाप सेवालाई दीगो, एकीकृत, सुधार र विस्तार गर्न सहयोग पुऱ्याउने विचार व्यक्त गर्नुभयो ।
कानूनको शासन कार्यक्रम अर्न्तगत यूएसएआईडीले सहयोग गरिराखेका चार वटा मेलमिलाप केन्द्रमध्ये पहिलो ललितपुर जिल्ला अदालत, दोस्रो दोलखा जिल्ला अदालतमा संचालनमा आइसकेका छन् भने तेस्रो केन्द्र काभ्रेपलान्चोक जिल्ला अदालतमा निकट भविष्यमा नै संचालनमा आउने कार्यक्रम रहेको छ र यसपछि चौथो केन्द्र पनि संचालन गर्ने योजना छ । यसभन्दा पहिले युएसएआईडी/नेपालको सहयोगमा तीनवटा मेलमिलाप केन्द्रहरु संचालनमा रहेका छन् ।

####

बितेका ५७ वर्षमा अमेरिकी जनताले नेपाली जनतालाई यूएस्एड/नेपाल मार्फत शान्ति स्थापना, प्रजातन्त्र र सुशासन, स्वास्थ्य र परिवार नियोजन, आर्थिक वृद्धि र् मानवीय सहयोगका क्षेत्रमा सहायता पुऱ्याउदै आएका छन् । अमेरिकी सरकारले यस वर्ष बैदेशिक सहायता अन्तर्गत नेपाली जनतालाई छ करोड सत्तरी लाख डलर प्रदान गर्नेछ ।

Public Affairs Section
Embassy of the United States of America
G. P.O. Box 295
Maharajgunj, KATHMANDU, NEPAL
Tel: 977-1-4007200 Ext. 4349
Fax: 977-1-4007280
http://nepal.usembassy.gov

U.S. Agency for International Development
G.P.O. Box 295
Maharajgunj, KATHMANDU, NEPAL
Tel: 977-1-4007200 Ext. 4263
Fax 977-1-4007285
http://nepal.usaid.gov